# नेपाल गजेट

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, चैत्र ५ गते २०१९ साल

श्री ५ को सरकार

अर्थ मन्त्रालयको

सूचना

भंसार ऐन, २०१९ को दफा ५ को उप–दफा (६) ले दिएको अधिकार प्रयोग गरी श्री ५को सरकारले यो आदेश जारी गरेको छ।

हवाई मार्गबाट आई गौचर भंसार अड्डाको गोदाम घरमा रहेको माल सामानहरू डिलेभरी दिने बारेमा देहाय बमोजम श्री ५ को सरकारले निर्णय गरेको छ।

(१) हवाई मार्गबाट आउने अह्‍तहरूमा र चलानीमा पाउनेको नाउँ र त्यसको नेपालको ठेगाना स्पष्ट खुल्नु पर्छ। नेपाल बैंक मार्फत आउने मालमा पनि केवल नेपाल बैंक भन्ने मात्र ठेगाना भएर, पुग्दैन, माल पाउने पार्टीको नाउँ ठेगाना पनि खुल्नु पर्छ। त्यसरी नाउँ ठेगाना नखुलेको अह्‍तहरू आएमा हवाई कम्पनीबाट नाउँ ठेगाना खुलाएर लिनू। हवाई कम्पनीले पनि नाउँ ठेगाना खुलाएर दिन नसके त्यस्ता अह्‍तहरू सोही हवाई जहाजबाट फिर्ता पठाइदिनु बुझी नलिनू।

(२) भंसार गोदाममा दाखिल भएको ७ दिनभित्र माल नछुटाएर नलगेमा आठौं दिनदेखि मन १ को ने. रू. २। दुई रुपैयां र मन नपुगेकोमा अह्‍त १ को ने. रू. २। दुई रुपैयांको दरले डिमरेज लाग्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) डिमरेज नलाग्ने गरी माल छुटाउन पाउने अवधिभित्र माल छुटाउन सकिने गरी बैंक मार्फत आउनेमा सो बैंकले र अरूमा हवाई कम्पनीहरूले पार्टीलाई सूचना गर्नुपर्दछ। सूचना दिनेले टाइममा सूचना नदिई डिमरेज लाग्न गएमा पार्टीले उजूर गरेमा त्यस्तो डिमरेज सूचना नदिनेले तिर्नुपर्दछ।

(४) गौचर (एयरपोर्ट) भंसार सार्वजनिक बिदा, पर्व बिदामा समेत खुला रहनेभएकोले अरू सरकारी अड्डा तातिल रहेको दिनमा पनि माल डिलेभरी दिइनेछ।

(५) कुनै पार्टीले डिमरेज लागेको १५ दिनभित्र पनि माल छुटाउन आएनन् भने जुन ट्रान्स-पोर्ट कर्पोरेशन अथवा बैंक जस मार्फत आएकोहो, निजहरूलाई उक्त मालमा डिमरेज लागिसक्यो सो डिमरेज र लाग्ने भंसार महसूल तिरी पार्टीलाई दिलाइदेऊ अथवा लाग्ने डिमरेज तिरी सो माल पठाउनेकहां फिर्ता पठाउने प्रबन्ध गर भन्ने ७ सात दिनको म्याद दिई जनाउ पठाउने र सो म्यादभित्र कुनै प्रबन्ध गरेनन् भने त्यस्ता मालहरू १५ पन्ध्र दिनको सूचना दिई गोरखापत्र र रेडियो नेपालद्वारा प्रचार तथा प्रसार गर्न लगाई नजिक अड्डा साक्षी राखी म्याद नाघेपछि लिलाम बिक्री गर्ने।

(६) सो लिलाम बिक्रीबाट आएको रुपैयांमध्ये सरकारमा लाग्ने भंसार महसूल र डिमरेज स्याहामा आम्दानी बांध्ने र बढी भएको धरौटी स्याहामा आम्दानी बांधी जस मार्फत आएको हो निजलाई सो बढी भएको रुपैयां जो जसलाई दिलाउनुपर्ने हो दिलाउन सो रकम लिन आऊ नआएमा सदर स्याहा हुनेछ। सो कुरा जनाई १ महीनाको म्याद दिन।

(७) मिति २०१०।११।१८ को नेपाल गजेटमा प्रकाशित यस मन्त्रालय (आय विभाग) को सो सम्बन्धित सूचना खारेज गरिएको छ।

आज्ञाले–
कल्याणविक्रम अधिकारी
श्री ५ को सरकारको का. मु. सचिव,
अर्थ मन्त्रालय।

मुद्रण विभाग
आधिकारिक मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।